# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal


च नं ३०८

प्रदेश न १ लेखापरीक्षण निर्देशनालय

मिति २०७८।०८।१९

विषय : प्रतिक्रियाबाट बेरुजु हटाईएको बारे ।

श्री फाल्गुनन्द गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
फाक्तेप ,पाँचथर ।

उपरोक्त बिषयमा ताहाँ कार्यालयको आर्थिक वर्ष २०७७।०७८ को ब. उ. सि. न. बिभिन्न (चालु/पुँजीगत/राजश्व/धरौटी) को लेखा परिक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजु मध्ये निम्न दफाहरुको बेरुजुको प्रतिक्रिया एवं प्रमाण कागजात पेश भई उक्त बेरुजु मिति २०७८/०८।१४ को निर्णयले हटाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

| सि. नं. | बेरुजु दफा | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | २७ | ३३५४ | असुल प्रमाण पेश भएको । |
| २ | २९ | ७९५२७९ | प्रमाण पेश भएको । |
| ३ | ३२ | ८५०० | असुल प्रमाण पेश भएको । |
| ४ | ३२.१ | २२५६० | असुल प्रमाण पेश भएको । |
| ५ | ३२ | ५४५०००० | कार्यसम्पन्न प्रतिबेदन प्रमाण पेश भएको । |
| ६ | ३७ | २६९४९२४ | प्रतिबेदन प्रमाण पेश भएको । |
| ८ | ४४ | ९३५०० | प्रमाण पेश भएको । वहादुर सिंह नेम्वाङ्ग,अरविन्द प्रसाद,टिकाध्वज,नारायणप्रसाद । |
| ९ | ४५ | ८७००० | असुल प्रमाण पेश भएको । |
| १० | ४८ | ६९७००० | कार्यसम्पन्न प्रतिबेदन पेश । |
| ११ | ५२ | १४४५० | सक्कलै भौचर प्रमाण पेश भएको । |
| १२ | ५७ | ३६०००० | शहिद 75000, वातावरण, 143000 र जनहित 142000 |
| | जम्मा | १०२२६५६७ | |

पुनश्च: अन्य दफाहरुको सम्बन्धमा बेरुजुमा उल्लेख भए बमोजिमको जवाफ प्रमाण पेश भई नआएकोले फर्छयौट हुन नसकेको व्यहोरा अनुरोध छ ।द

(भूमिराज आचार्य)
निर्देशक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

| **कार्यालय र स्थानः** फाल्गुनन्द गाउँपालिका, फाक्तेप, पाचँथर | | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | कार्यालय प्रमुखः | प्र.प्र.अधिकृत श्री अनिल तिखत्री | 2077 4 1 | 2077 5 22 | 40148688.19 |
| | | प्र.प्र.अधिकृत श्री निर्मल तुम्रोक | २०७7।5 23 | २०७8।३।३१ | |
| आर्थिक वर्ष: २०७7/७8 | लेखा प्रमुखः | लेखापाल श्री चन्द्र बहादुर सुब्बा | २०७7।४।१ | २०७8।3।31 | |

## आर्थिक कारोबारको स्थिति

| प्राप्ती र भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | **टिप्पणी** | **यस वर्ष रु.** | | | | **गतवर्ष रु.** | | |
| | | **बजेट** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **वस्तुगत/ सोझै भुक्तानी** | **जम्मा** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **वस्तुगत/ सोझै भुक्तानी** | **जम्मा** |
| प्राप्ती (क+ख) | | ५८६३२१८५४ | ५५५८५४५५७.४७ | ०.०० | ५५५८५४५५७.४७ | ५१६५८६६०६.५४ | ०.०० | ५१६५८६६०६.५४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५००४५६४६० | ४८३१५४१७२.४७ | ०.०० | ४८३,१५४,१७२.४७ | ४११,६६५,३३१.५४ | ०.०० | ४११,६६५,३३१.५४ |
| ११००० कर | ११ | ७८८०१११० | ६५५६३६३३.३६ | ०.०० | ६५५६३६३३.३६ | ५०७२०२७०.५४ | ०.०० | ५०७२०२७०.५४ |
| १३००० अनुदान | | ४१९६५५३५० | ४१३६४४८५० | ०.०० | ४१३६४४८५०.४४ | ३५८७४६०००.०० | ०.०० | ३५८७४६०००.०० |
| संघीय सरकार | १२ | ३९३८८६३५० | ३८७८७५८५०.४४ | ०.०० | ३८७८७५८५०.४४ | २९५३३४०००.०० | ०.०० | २९५३३४०००.०० |
| प्रदेश सरकार | १२ | २५७६९००० | २५७६९०००.०० | ०.०० | २५७६९०००.०० | ६३४१२०००.०० | ०.०० | ६३४१२०००.०० |
| अन्तरिक श्रोत | १२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०००००.०० | ०.०० | ५०००००.०० |
| १४००० अन्य राजस्व | | २००००००.०० | ३९४५६८८.६७ | ०.०० | ३९४५६८८.६७ | १६९९०६१.०० | ०.०० | १६९९०६१.०० |
| ३३००० दायित्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | ८५८६५३९४.०० | ७२७००३८५.०० | ०.०० | ७२७००३८५.०० | १०४९२१२७५.०० | ०.०० | १०४९२१२७५.०० |
| वितरण गर्न बाँकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | १५ | ७१९३१३७.०० | १३५२८२४७.०० | ०.०० | १३५२८२४७.०० | १७८२६८२०.०० | ०.०० | १७८२६८२०.०० |
| आकस्मिक कोष | | ३२७८२४७.०० | ४००००००.०० | ०.०० | ४००००००.०० | ५००००००.०० | ०.०० | ५००००००.०० |
| विपद व्यवस्थापन कोष | | ६३६६४३.०० | ६२५००००.०० | ०.०० | ६२५००००.०० | ७६१८७७१.०० | ०.०० | ७६१८७७१.०० |
| बिबिद कोष | | ३२७८२४७.०० | ३२७८२४७.०० | ०.०० | ३२७८२४७.०० | ३४४७०४१.०० | ०.०० | ३४४७०४१.०० |
| धरौटी | १५ | ०.०० | १२२१२६५.०० | ०.०० | १२२१२६५.०० | १७६१००८.०० | ०.०० | १७६१००८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७१४७९१२०.०० | ७१४७९१२०.०० | ०.०० | ७१४७९१२०.०० | ८७०९४४५५.०० | ०.०० | ८७०९४४५५.०० |
| भुक्तानी (ग+घ) | | ६७०१९६७१२.७४ | ५८३४०६८८३.९७ | ०.०० | ५८३४०६८८३.९७ | ४५७२२२७७८.१७ | ०.०० | ४५७२२२७७८.१७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९१४८६८७१.७४ | ४९५१४५२१२.४५ | ०.०० | ४९५१४५२१२.४५ | ३६२४७४६६१.७७ | ०.०० | ३६२४७४६६१.७७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २००६२९३४५.०० | १७९३२०७१८.५६ | ०.०० | १७९३२०७१८.५६ | १४१५११८४६.७७ | ०.०० | १४१५११८४६.७७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५६१२२९६७.०० | ११०८५५४२०.०० | ०.०० | ११०८५५४२०.०० | ७०१२५८३४.०० | ०.०० | ७०१२५८३४.०० |
| २५००० सहायता(Subsidy) | १८ | १५६५७०१६.०० | १४,१६९,०९४.०० | ०.०० | १४१६९०९४.०० | ३६८९६००.०० | ०.०० | ३६८९६००.०० |
| २६००० अनुदान | १८ | २५,०००.०० | ०.०० | ०.०० | ०.०० | ४१०४९३६.०० | ०.०० | ४१०४९३६.०० |
| २७००० | १८ | ३१८७२००.०० | २७२५२८४.०० | ०.०० | २७२५२८४.०० | १००००१८७.०० | ०.०० | १००००१८७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा | | | | | | | | |
| २८००० फिर्ता खर्च | १८ | ५१४४४३४२.०८ | ५९५५५४९६.४४ | ०.०० | ५९५५५४९६.४४ | १८०१८६३.०० | ०.०० | १८०१८६३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६४४२१००१.६६ | १२८५१९१९९.४५ | ०.०० | १२८५१९१९९.४५ | १३१२४०३९५.०० | ०.०० | १३१२४०३९५.०० |
| घ. अन्य भूक्तानी | | ७८७०९८४१.०० | ८८२६१६७१.५२ | ०.०० | ८८२६१६७१.५२ | ९४७४८११६.०० | ०.०० | ९४७४८११६.०० |
| कोषहरु | | ७१९३१३७.०० | १५२६९५७३.०० | ०.०० | १५२६९५७३.०० | ९६७३०७५.०० | ०.०० | ९६७३०७५.०० |
| आकस्मिक कोष | | ३२७८२४७.०० | ६८१३७४१.०० | ०.०० | ६८१३७४१.०० | २१८३७३३.०० | ०.०० | २१८३७३३.०० |
| विपद व्यवस्थापन कोष | | ६३६६४३.०० | ६१८८५४४.०० | ०.०० | ६१८८५४४.०० | ६९८२१२८.०० | ०.०० | ६९८२१२८.०० |
| विविध खर्च खाता | | | २२६७२८८.०० | ०.०० | २२६७२८८.०० | ०.०० | ०.०० | ०.०० |
| बिबिद कोष | | ३२७८२४७.०० | ०.०० | ०.०० | ०.०० | १६८७९४.०० | ०.०० | १६८७९४.०० |
| धरौटी | | ०.०० | १३८७५००.०० | ०.०० | १३८७५००.०० | ३३८४२०.०० | ०.०० | ३३८४२०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७१४७९१२०.०० | ७१४७९१२०.०० | ०.०० | ७१४७९१२०.०० | ८७०९४४५५.०० | ०.०० | ८७०९४४५५.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ३७५८४.०० | १२५४७८.५२ | | १२५४७८.५२ | २०१९४१३.६० | ०.०० | २०१९४१३.६० |
| ङ. यो वर्षको बचत (न्युन) | | ६५२४१५५.६४ | (२७५५२३२६.५०) | ०.०० | (२७५५२३२६.५०) | ५९३६३८२८.३७ | ०.०० | ५९३६३८२८.३७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ११२०२६३११.७४ | ११२०२६३११.७४ | ०.०० | ११२०२६३११.७४ | ५२६६२४८३.३७ | ०.०० | ५२६६२४८३.३७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ११२०२६३११.७४ | ८४४७३९८५.२४ | ०.०० | ८४४७३९८५.२४ | ११२०२६३११.७४ | ०.०० | ११२०२६३११.७४ |
| बैंक तथा नगद बाकी | २४ | | ८४४७३९८५.२४ | ०.०० | ८४४७३९८५.२४ | | | |

| **कार्यालयको नामः** फाल्गुनन्द गाउँपालिका, पाँचथर । **आर्थक वर्षः** 2077/78 | | |
|---|---|---|
| **दफा नं.** | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | गाउँपालिकाको आर्थिक वर्ष २०७7।७8 को राजस्व, धरौटी, विनियोजन तथा अन्य कारोवारसंग सम्बन्धित आर्थिक बिवरण एंव स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्टिय मानदण्ड तथा मार्गदर्शनको आधारमा नमुना छनौट गरी लेखापरीक्षण गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरीएको छ लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनसंग मिति २०७8।6।21 मा छलफल गरी जानाकारी गराए पश्चात कायम भएको व्यहोरा निम्न छन | |
| | लेखापरीक्षणको क्रममा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ । | |

| सि. न. | व्यहोरा | मिति | रकम | सञ्चीत कोष |
|---|---|---|---|---|
| १ | बहुउद्देश्यीय पोषण कार्यक्रममा बढि भुक्तानी भएको | | 195785.0 | आन्तरिक |
| 2 | नर्कटे सहकारी संस्था बढि अनुदान | 2078/6/14 | 4115.0 | आन्तरिक |

| | | |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारितत, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ७७ सभा सदस्य, १०७.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा 28696 जनसंख्या रहेको छ । | |
| | **फिर्ता गर्नुपर्ने दायित्व राजस्व दाखिलाः** गाउँपालिकाले आर्थिक वर्ष 2076/77 मा फिर्ता गर्नुपर्ने दायित्व संघीय शसर्त विशेष अनुदान रु.2,69,37,393/48, प्रदेश शसर्त विशेष/समपुरक अनुदान रु.1,94,04,535/-, कर दायित्व रु.2,47,523/-, धरौटी दायित्व रु.7,31,724/- र साट्न बाँकी चेक दायित्व रु.10,40,166।60 समेत रु.4,83,61,342।08 कार्यक्रममै स्वीकृत गरी विभिन्न मितिमा राजस्व दाखिला गरेको छ । उक्त रकम गाउँपालिकाको चालु कोषमा रहेकोले त्यसैबाट घट्न गएको छ । | |
| 1. | **आन्तरिक लेखापरीक्षण नभएकोः** स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 77(2) बमोजिम स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यस पालिकामा आन्तरिक लेखापरीक्षण गर्न १ जना कर्मचारी सिफारिस भएर आएको भएतापनि उक्त कर्मचारीलाई मिक्लाजुङ्ग गाउँपालिकामा लेखामा सरुवा भएकोले आर्थिक वर्ष 2077/78 को आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । आन्तरिक लेखापरीक्षण नहुनाले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ । कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ । | |
| 2. | **आर्थिक कारोबारः** यस पालिकामा यस वर्ष रु.55,58,54,557/47 आय भएकोमा २०७8 असार मसान्त सम्म रु.58,34,06,883/97 खर्च भई (रु.2,75,52,326/50) न्यून मौज्दात रहेको छ । गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु.8,44,73,985/24 रहेको देखियो । | |
| 3. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्<br>• वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन<br>• कार्यालयको श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको | |

| | | |
|---|---|---|
| | पाईएन ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा अधिकांश योजनाहरुको हस्तान्तरण गरेको पाईएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन<br>• स्वीकृत वार्षिक कार्यक्रमअनुसार सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि के कति बजेटको व्यवस्था भई कुन कुन समयमा सञ्चालन गरिनुपर्ने हो र त्यस्ता | |

कार्यक्रमहरु सञ्चालन भएको अभिलेख देखिने गरी कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन  कार्यक्रमगत खर्च खाता राखेमा सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरुको वार्षिक बजेट, सञ्चालन हुने समय, सोको खर्च सजिलै एकिन हुने र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेटभन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापन समेत सजिलै एकिन हुने हुँदा उक्त अभिलेख राख्नुपर्ने देखिएको छ

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनिय बनार्इ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

4. **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ  सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ  यस स्थानीय तहमा उपाध्यक्ष श्री देवित्रा कुमारी आङदेम्वे मिति २०७७।३।9 गते रु.५४,95,69,677/- बजेट सभा समक्ष पेश गरेकोमा मिति २०77।३।10 मा पारित भएको छ  यसैगरी स्थानीय तहका प्रमुखले २०७7।४।2 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ

5. **चौमासिक पूँजीगत खर्चः** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ

रु. हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | बजेट र खर्च | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | पुँजीगत | १६४४२१ | १२६०३१ | ६३००४ | २२७१ | ४८०५५ | ११८६5 | ५३३६2 | १११८९6 | ९२३४1 | ९०६90 |
| २ | चालु | ४५५९30 | ३५४५६१ | १५४२४६ | १०४७४२ | १४४७४२ | ६१३९४ | १२८०७७ | १८८४२5 | १३५७५९ | ११७५५८ |
| जम्माः | | ६२०३५1 | ४८०५९3 | २१७२५० | १०७०१३ | १९२७९७ | ७३२५9 | १८१४३9 | ३००३२० | २२८०९९ | २०८२४८ |
| प्रतिशतः | | **100** | **77.47** | | **22.25** | | **15.24** | | **62.50** | | **33.50** |

उल्लेखित तालिका बमोजिम बजेटको तुलनामा 77.47 प्रतिशत मात्र खर्च भएको, त्यस मध्ये प्रथम चौमासिकमा 22.25 प्रतिशत, दोस्रो चौमासिकमा 15.24 प्रतिशत, तेस्रो चौमासिकमा 62.50 प्रतिशत र आषाढमा मात्र 33.50 प्रतिशत खर्च भएको देखिन्छ । खर्च गर्दा बजेट अनुसार चौमासिक रुपमा आनुपातिक हिसावले खर्च गर्नुपर्नेमा प्रथम र दोस्रो भन्दा तेस्रो चौमासिकमा बढि खर्च भएको, झन आषाढमा कुल खर्चको आधा भन्दा बढि खर्च देखिन्छ । प्रथम चौमासिक देखिनै कार्यक्रमहरु संचालन गरी खर्च गर्दै जानुपर्नेमा तेस्रो चामासिकमा मात्र खर्च ज्यादा हुनाले अधिकांश काम तेस्रो चौमासिकमा भएको देखिन्छ । यसरी अन्तिम चौमासिकमा काम गर्दा वर्षाद, बाढी, पहिरो जस्ता दैवि प्रकोप हुने हतारमा काम गर्दा गुणस्तरहिन काम हुने, प्राविधिक कर्मचारीले अनुगमन गर्न नसकिने आदि हुँदा बजेट खर्च गर्ने उद्देश्य मात्र रहेको देखिन्छ । तसर्थ आगामी दिनमा समयमै योजनाहरु संचालन गरी चौमासिक रुपमा आनुपातिक खर्च गर्नुपर्दछ ।

6. **पुँजीगत खर्च विधिः** कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च  देहाय अनुसार गरेको पाइयो

| खुला बोलपत्र | सिलबन्दी दरभाउपत्र | कोटेसन | सोझै | उपभोक्ता समिति वा लाभग्राही समुदाय | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १८९६5 | ९००० | | ११२११ | ८६८३४ | 126010 |

कुल खर्च मध्ये 69 प्रतिशत उपभोक्ता समितिवाट खर्च गरेकोले प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नुपर्दछ ।

7. **खरिद सम्झौताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को दफा 16(7) बमोजिम कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ ।

रु. हजारमा

| क्र. सं. | कार्यक्रम को नाम | खरिद सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | चालु | ५५० | २९००० | १०० | ५००० | १५० | ९००० | ३०० | १५००० | २०० | १०००० | ५५० | २९००० |
| २ | पुँजीगत | २१५ | ८५००० | ५० | २५०० | ७० | ३५००० | ९५ | ४७५०० | ७० | ३०००० | २१३ | ६५००० |
| | जम्माः | | | | | | | | | | | | |

उल्लेखित तालिका बमोजिम यस वर्ष 765 योजनाहरु सम्झौता भएकोमा प्रथम चौमासिकमा 150, दोस्रो चौमासिकमा 220, तेस्रो चौमासिकमा 395 र तेस्रो चौमासिक मध्ये आषाढमा 70 वटा योजनाहरु सम्झौता गरेको छ । सम्झौता भए मध्ये 763 वटा मात्र सम्पन्न भएको छ । योजना सम्झौता सकेसम्म प्रथम चौमासिकमा सम्पन्न गरी सक्नुपर्नेमा तेस्रो चौमासिकमा सब भन्दा बढी सम्झौता भएको छ । यसरी वर्षान्तमा सम्झौता गरी काम सम्पन्न गरेको भएतापनि गुणस्तरीय काम भयो भन्ने विश्वासनिय आधार केही छैन । कामको चाप पर्ने, प्राविधिक कर्मचारीको कमी र अनुगमन गर्न कठिनाई आदि कारणले योजना सम्झौता गर्ने कार्य चाँडो गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

8. **आन्तरिक ऋणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

9. **योजना छनौटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवद्यिक वार्षिक रणनीतिगत विषयको योजना बनाउँदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ । पालिकाले यस वर्ष 610 वटा योजना छनौट गरेको छ । छनौट भएका योजना मध्ये रु. 1 लाख सम्मका 231 वटा, रु. 2 लाख सम्मका 170 वटा, रु. 5 लाख सम्मका 153 वटा, रु. 10 लाख सम्ममका 40 वटा, रु. 10 लाख भन्दा माथिका 16 वटा योजनाहरु छनौट भएका छन् । अधिकांश योजनाहरु साना बनाई उपभोक्ता मार्फत कार्य गराएको देखियो । अध्ययन, अनुसन्धान र प्रभाव मूल्यांकन बिना बनाएको यस्ता योजना दिगो र वातावरण

| | | |
|---|---|---|
| | मैत्री नहुन सक्दछ । अतः पालिकाले आगामी दिनमा मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| 10. | **उपभोक्ता समितिको श्रेस्ता अनुगमनः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुने व्यवस्था छ । उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समिति मार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना पूर्ण रुपमा भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |
| 11. | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यो वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी कामकारबाही भएको छैन । त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| 12. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित 76 जना पदपूर्ती भएको देखिन्छ लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, कृषि अधिकृत, भेटेनरी अधिकृत र शिक्षा अधिकृत सहित 10 पदहरु रिक्त रहेका छन् दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ | |
| 13. | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिएन | |
| 14. | **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार | |

स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले 2076/77 सम्म ३ वटा ऐन, ३ वटा नियमावली, १4 कार्यविधि र १ आचार संहिता लगायत २१ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ

15. **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको 9 र यो वर्ष थप भएको 2 विवाद दर्ता भएकोमा 2 वटा मात्र फर्स्यौट भई ९ बाँकी देखिन्छ न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

16. **सेवा प्रवाहः** गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ

| qm= ;+= | ljj/0f | ;]jf k\|flKtsf nflu lgj]bg ;+Vof | l;kmfl/; ;+Vof |
|---|---|---|---|
| 1 | gful/stf l;kmfl/; | 1370 | 1370 |
| 2 | 3/af6f] l;kmfl/; | 992 | 992 |
| 3 | gftf k\|dfl0ft | 711 | 711 |
| 4 | hGd, d[To' btf{ | 1068 | 1068 |
| 5 | अन्य | 276 | 276 |

17. **विज्ञापन करः** प्रदेश नं १ आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गर्ने उल्लेख छ तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन्

18. **वन पैदावारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावार बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो सम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्य योजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।

**समानीकरण चालु शिक्षा**

19. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७7 का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ 4022000.0

| | | |
|---|---|---|
| | तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका 23 शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.40,22,000/- तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु. | |
| | **शसर्त कार्यक्रम** | |
| 20. | **शिक्षक दरवन्दी र पदपुर्तिः** गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ । | |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दि | पदपूर्ति | पदपूर्ति मध्धे करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री सिद्द देवि मा.वि. | 21 | 21 | 7 | 461 |
| २ | श्री हरीनाथ आ.वि. | 4 | 3 | 0 | 42 |
| ३ | श्री शान्ति क्षेत्र आ.वि. | 2 | 2 | 1 | 42 |
| ४ | श्री बाल विकास आ.वि. | 3 | 2 | 1 | 45 |
| ५ | श्री जन कल्याण आ.वि. | 1 | 1 | 1 | 36 |
| ६ | श्री तिरतिरे आ.वि. | 1 | 0 | 0 | 0 |
| ७ | श्री बाल उद्यान आ.वि. | 3 | 3 | 1 | 37 |
| ८ | श्री पिपल बोटे आ.वि. | 2 | 2 | 0 | 33 |
| ९ | श्री सिद्देश्वरी मा.वि. | 7 | 6 | 2 | 235 |
| १० | श्री त्रिभुवन आ.वि. | 7 | 7 | 3 | 266 |
| ११ | श्री जन कल्याण आ.वि.फाल्गुनन्द -२ | 1 | 1 | 1 | 20 |
| १२ | श्री सत्यहाङमा मा.वि. | 13 | 13 | 7 | 370 |
| १३ | श्री महागुरु फाल्गुनन्द आ.वि. | 3 | 2 | 1 | 41 |
| १४ | श्री सारताप मा. वि. | 18 | 18 | 3 | 391 |
| १५ | श्री लालिगुँरास आ.वि. | 3 | 3 | 2 | 73 |
| १६ | श्री पदम कन्या आ.वि. | 2 | 2 | 0 | 55 |
| १७ | श्री पञ्चामृत आ.वि. | 6 | 6 | 2 | 206 |
| १८ | श्री जल सिं मा.वि. | 15 | 14 | 10 | 426 |
| १९ | श्री इमान सिं आ.वि. | 2 | 2 | 1 | 32 |
| २० | श्री जालपा देवी आ.वि. | 6 | 6 | 3 | 102 |
| २१ | श्री कृष्ण मा.वि. | 8 | 8 | 5 | 193 |
| २२ | श्री सिद्देश्वरी मा.वि.चिलिङदिन | 9 | 8 | 4 | 220 |
| २३ | श्री तिन चुले आ.वि. | 2 | 2 | 2 | 34 |
| २४ | श्री जनता आ.वि. | 2 | 2 | 0 | 41 |
| २५ | श्री पैयौबोटे आ.वि. | 6 | 6 | 2 | 114 |
| २६ | श्री घुर्विसे पश्चमी मा.वि. | 17 | 17 | 8 | 585 |
| २७ | श्री जनकल्याण मा.वि. | 14 | 14 | 4 | 419 |
| २८ | श्री नागेम्बा आ.वि. | 2 | 2 | 2 | 34 |
| २९ | श्री सिद्द सरस्वती आ.वि. | 2 | 2 | 0 | 29 |
| ३० | श्री टिका भैरुङ् आ.वि. | 2 | 2 | 0 | 42 |
| ३१ | श्री इछिङ् आ.वि. | 2 | 2 | 1 | 62 |
| ३२ | श्री जगदम्वी माई आ.वि. | 2 | 1 | 0 | 27 |
| ३३ | श्री जय नारायण आदर्श मा.वि. | 21 | 20 | 6 | 539 |
| ३४ | श्री पञ्च कन्या आ.वि. | 6 | 4 | 1 | 67 |
| ३५ | श्री लक्ष्मी आ.वि. | 5 | 3 | 2 | 113 |
| ३६ | श्री लाल बहादुर आ.वि. | 7 | 7 | 2 | 66 |
| ३७ | श्री नमुना ज्योति आ.वि. | 3 | 1 | 0 | 67 |
| ३८ | श्री वि.पि.स्मृति आ.वि. | 3 | 3 | 0 | 47 |
| ३९ | श्री ज्योति मा.वि. | 12 | 12 | 6 | 397 |
| ४० | श्री जनता आ.वि. | 3 | 3 | 1 | 46 |
| | जम्मा | 248 | 233 | 92 | 6055 |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक

औषतमा 24 जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

21. **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ

22. **कोभिड-19 खर्चः** यो पालिकामा सबभन्दा बढी कोभिड प्रकोप देखिएको हुँदा राँके पाँचथरमा वन कार्यालय भवन मर्मत गरी कोभिड-19 को लागि क्वारेन्टाईन बनाई उपचार गरेको देखियो । पालिकाले आर्थिक वर्ष 2077/78 मा विपद व्यवस्थापन कोषबाट रु.30,22,310/- खर्च गरेको छ । रोग महामारीका कारण खर्च गर्दा प्रचलित ऐन, नियमको पालनामा ध्यान दिनुपर्नेमा केही कामहरु सोझै गरेको समेत देखियो । खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

23. **डीपीआर खर्चः** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ

रु. हजारमा

| क्र.सं. | कार्यक्रमको नाम | कुल खर्च | कुल खर्च मध्ये परामर्श खर्च |
|---|---|---|---|
| १ | ईमानसिं पार्क निर्माण | ५०० | ४९० |
| २ | किरात हाङ्साम मन्दिर निर्माण | ३०० | ३०० |
| ३ | गा.पा रिङरोड | १३०6 | १३०6 |
| ४ | जनकल्याण मा वि ८ कोठे भवन | ७५० | ७५० |
| ५ | ज्योति मा.वि. भवन | ३९५ | ३९५ |
| ६ | युमामाङहिम फाल्गुनन्द ५ | ३०० | ३०० |
| ७ | वडा नं. 5 को वडा कार्यालय | ४९५ | ४९५ |
| ८ | सिलौटी साप्सु दोभान याम्बापुङ सडक | १४१० | १४१० |
| ९ | नवमीडाडा माङगेना दोभान रिङ रोड | ११२५ | ११२५ |
| | **जम्माः** | **6581.0** | **6571.0** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्शदातबाट डी.पी.आर. तयार गर्दा सम्भव भएसम्म गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट कार्य गर्नुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । प्रतिवेदन तयार भए बमोजिमका योजनाहरु कार्यान्वयनमा ल्याइनुपर्दछ ।

24. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन

<table>
<tr><td></td><td>कर विजकः १03।2077।12।31 जनकल्याण माध्यमिक विद्यालय वडा नं. ५ को आठ कोठे भवन निर्माणको लागि डि.पि.आर तयार गर्न ए.आर.सी. हिमालय सर्भिसेज प्रा.लि., काठमाण्डौंसँग सम्झौता भए बमोजिम अन्तिम प्रतिवेदन तयार पारी रु.7,50,000।- मु.अ.कर सहित भुक्तानी दिएकोमा कर बिजकमा नम्बर उल्लेख नभई हातैले ०१ लेखि पेश गरेको छ । उक्त कर बिजकमा सिलसिलेवार नम्बर उल्लेख नभई हातैले लेखेको हुँदा कर समायोजन भयो भन्ने आधार भएन । उक्त बिलमा समावेश भएको मुल्य अभिवृद्धि कर रु.86,283।19 सम्बन्धित आन्तिरक राजस्व कार्यालयबाट समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>86283.19</td></tr>
<tr><td>26.</td><td>उपभोक्तालाई बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97(4) बमोजिम उपभोक्ता समितिका लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम 3 को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको ओभरहेड कन्टीन्जेन्सी, मु.अ.कर र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाँउपालिका अन्तर्गत संचालन भएका विभिन्न योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा ८०% गाउँपालिकाबाट व्यहोर्ने र जनश्रमदानबाट २०% व्यहोर्ने गरी निर्णय भई सोही अनुसार सम्झौता भएको छ । केही उपभोक्ता समितिहरुले लागत अनुमान बमोजिमको काम सम्पन्न नगरी कम काम गरेबाट गाँउपालिकाले व्यहोर्ने खर्चमा समेत आनुपातिक रुपमा कम भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी गएको देखिएकोले असुल गर्नुपर्ने रु</td><td>36472.0</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान रकम</th><th>सम्पन्न भएको कामको रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>137 2078 03 02</td><td>सिद्धेश्वरी मा.वि. ज्यामिरे भवन मर्मत</td><td>363194.0</td><td>335893</td><td>19200.0</td></tr>
<tr><td>237 2078 03 24</td><td>सिरान टोल खानेपानीम योजना</td><td>780507.0</td><td>-</td><td>2152.0</td></tr>
<tr><td>275 2078 03 25</td><td>राधाकृष्ण र शिवालय मन्दिर मर्मत</td><td>480283.0</td><td>-</td><td>4620.0</td></tr>
<tr><td>276 2078 03 25</td><td>पिपलवोटे सार्किटार कृषि सडक निर्माण</td><td>240675.0</td><td>212421</td><td>10500.0</td></tr>
<tr><td colspan="4" align="right">जम्माः</td><td>36472.0</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>27.</td><td>28 2077 09 31 - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (5) बमोजिम सरकारी कार्यालयले खर्चको भुक्तानी दिँदा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सडकहरु मर्मत तथा सरसफाई गरेवापत एल.एम.वि. निर्माण सेवालाई रु.2,88,000।- भुक्तानी भएको छ । निजले पेश गरेको कर बिजक रु.2,84,646।- को मात्र भएकोले कर बिजक भन्दा रु.3,354 - बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td>3354.0</td></tr>
<tr><td>28.</td><td>उपभोक्ता समितिले मेशिन प्रयोग गरी काम गराएकोः सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 (1) बमोजिम रु. 1 करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बस्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति गठन गरी काम गराउन सकिने, नियम 97(9) बमोजिम उपभोक्ता समितिले हेभी</td><td></td></tr>
</table>

इक्वीपमेन्ट जस्तै डोजर, लोडर, स्काभेंटर, रोलर, ग्रेडर आदि स्वीकृत बेगर प्रयोग गर्न नपाईने र नियम 97(10) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने प्रस्ट कानुनी व्यवस्था छ । स्थानीय बासिन्दा तथा लाभग्राहीले रोजगारीको अवसर पाउन, काम प्रति अपनत्वको भावना वृद्धि होस र वातावरण मैत्री काम सम्पन्न होस भन्ने उद्देश्यबाट नियमावलीमा यस्तो व्यवस्था गरेको छ । गाँउपालिका अन्तर्गत स्वीकृत भएका योजनाहरु मध्ये अधिकांश योजना उपभोक्ता समिति मार्फत संचालन भएका छन् । गाँउपालिकामा लागत अनुमानको २० प्रतिशत जनश्रमदान र ८० प्रतिशत अंश गाँउपालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरिएको छ । सडक मर्मत तथा निर्माण कार्यमा अधिकांश उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने र गाँउपालिकाबाट प्राप्त हुने रकमबाट निर्माण व्यवसायीबाट कार्य गराई निर्माण व्यवसायीलाई उपभोक्ता मार्फत भुक्तानी दिने गरेको छ । यस्तै प्रकृतिको काममा ठेक्का मार्फत प्रतिस्पर्धा गराई काम गराउँदा 50% भन्दा घटीमा काम सम्पन्न हुने गरेको छ । बचत भएको रकमबाट अर्को काम सम्पन्न हुन सक्ने सम्भावना समेत रहन्छ । उपभोक्ता समिति मार्फत काम गराउँदा आफै काम नगरी निर्माण व्यवसायी मार्फत काम गराएको देखिएकोले पालिकाले प्रतिस्पर्धात्मक विधिबाट काम गराउनेतर्फ ध्यान दिनुपर्दछ साथै टुक्रा टुक्रा कामको ठूलो प्याकेज बनाई ठेक्का व्यवस्थापन हुनुपर्दछ । निर्माण व्यवसायीबाट काम गराउँदा मेशिनकै दररेट अनुसार भुक्तानी दिएको भएतापनि नियमावलीको उद्देश्य अनुरुप लक्ष्य प्राप्ती हुन सकेको छैन । यस्ता कामहरुको केही उदाहरणहरु निम्न बमोजिमका रहेका छन् ।

| गो.भौ.नं. मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | गाँउपालिकाबाट अनुदान | निर्माण व्यवसायीलाई भुक्तानी |
|---|---|---|---|---|
| 22 2077 09 21 | फाक्तेपका विभिन्न शाखा सडकहरु मर्मत | एल.एम.वि. निर्माण सेवा | 5,76,000 | 5,76,000 |
| 36 2077 10 28 | लिगिम्बा त्रिवेणीघाट मोटरबाटो | मुकुम्लुङ कन्स्ट्रक्सन प्रा.लि. | 4,80,000 | 4,80,000 |
| 47 2077 11 09 | मेहेलबोटे-निवुवाखोला मोटर बाटो निर्माण | एल.एम.वि. निर्माण सेवा | 9,60,000 | 9,60,000 |
| 49 2077 11 25 | पुरानो पञ्चमी याम्वावुङ्ग मोटर बाटो निर्माण | गौडेनी निर्माण सेवा | 5,75,815 | 5,75,815 |
| 86 2077 12 22 | सेरिना कुवा देखि कार्तिके दोभान मोटर बाटो निर्माण | एल.एम.वि. निर्माण सेवा | 9,60,000 | 9,60,000 |
| 87 2077 12 22 | सुकेपोखरी लट्टेवारी मुल्याहाङ्गडाडा मोटर बाटो निर्माण | छाला सुकुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 3,84,000 | 3,84,000 |
| 96 2077 12 29 | थुम्के थेमागु ज्योती डाडा सडक निर्माण | गौडेनी निर्माण सेवा | 9,60,000 | 9,60,000 |
| 97 2077 12 29 | नसुवा खोक्रा-कार्तिके कृषि सडक निर्माण | एल.एम.वि. निर्माण सेवा | 6,72,000 | 6,72,000 |
| 174 2078 03 21 | गेली भञ्जयाङ- भागदिम सडक निर्माण | गौडेनी निर्माण सेवा | 9,60,000 | 9,60,000 |
| 271 2078 03 05 | याङवातुङ्ग रागाटार मोटर बाटो निर्माण | मुकुम्लुङ्ग कन्स्ट्रक्सन प्रा.लि. | 9,58,490 | 9,58,490 |

| | | |
|---|---|---|
| | **दोहोरो कार्यक्रमः** गाँउपालिका अन्तर्गत वडा नं १ का विपन्न तथा दलित परिवारको लागि वडा कार्यालयको कार्यक्रममा वजेट छुट्याई जस्तापाता खरिद भएको छ । यस्तो विपन्न तथा दलित परिवारको लागि घरमा जस्ता छाना छाउन सुरक्षित नागरिक आवास कार्यक्रम लागु भएको छ । यस वर्ष गाँउपालिकाको सिफारिस बमोजिम 495 जना छनौट भई सो कार्यको लागि सम्झौता गर्न पुरै आएका छैनन् । कार्यक्रमबाट सम्झौता गरी रकम नलिएको र गाँउपालिकाको बजेटबाट पुन: जस्ता छाता खरिद भएकोले एकै प्रकारको काम दोहोरो पर्न गएको छ। लाभग्राही व्यक्तीहरुको छनौट विधी र के कति जना छनौट भयो त्यसको प्रमाण पेश भएको छैन । सुरक्षित नागरिक आवास कार्यक्रम चालु रहेको अवस्थामा यस्तै कार्यक्रमको लागी बजेट खर्च गर्न उपयुक्त देखिएन । साथै उक्त जस्ता पाता कति जनालाई वितरण भयो । के आधारमा वितरण भयो र निर्माण कार्य सम्पन्न भयो भएन सोको प्रमाण समेत नभएकोले खर्च पुष्टी गर्ने आधार नभएको रु. | 795279.0 |

| गो.भौ.नं. मिति | खर्च रकम रु |
|---|---|
| 349 2077 12 23 (चालु) | 397170.0 |
| 377 2077 03 30 (पूँजीगत) | 398109.0 |
| **जम्माः** | **795279.0** |

| | | |
|---|---|---|
| 30. | **खरिद सम्बन्धी कागजात प्रयोगः** सार्वजनिक खरिद ऐन, 2063 को दफा 65 (1) (ग) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायले खरिद कारवाही संचालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्बन्धी कागजात (स्टान्डर्ड विडिङ डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्यान्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) को नमुना तयार गर्ने र सोही बमोजिमका कागजातहरु प्रयोग गरी सार्वजनिक निकायहरुले खरिद प्रकृया संचालन गर्नुपर्नेमा यस गाँउपालिकाले उक्त कागजातहरु प्रयोगमा ल्याएको छैन । आगामी दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको खरिद सम्बन्धी नमुना बमोजिम खरिद कागजात तयार गरी खरिद गर्ने काम गरिनुपर्दछ । | |
| 31. | **ठेक्का नं. PRM/NCB/Works/२०७६।७७।18 कवर्ड हल निर्माणः** लागत अनुमान रु.1,98,83,898।- भएको कवर्ड हल निर्माण कार्यको निर्माण व्यवसायी ईस्वरी निर्माण सेवासँग रु.1,35,71,899।- (मु.अ.कर. सहित) मा सम्झौता भएको थियो । सम्झौता मिति 2077।03।29 र सम्पन्न गर्नुपर्ने मिति 2078।02।15 रहेको उक्त ठेक्का चालु रहेता पनि म्याद थप भएको छैन । गत आ.व.मा रु.39,21,378।- पेश्की दिएको र यस वर्ष प्रथम रनिङ्ग बिल रु.61,09,044।- पेश भएको मध्ये रु.49,32,630।- मात्र भुक्तानी भएको छ । यस वर्ष प्रथम रनिङ्ग बिल भुक्तानी भएकोमा पेश्की फस्यौंट भएको छैन । यस वर्ष पेश्की फस्यौंट समेत भएको छैन । उक्त श्रेस्ताको परिक्षण गर्दा देखिएको व्यहोराहरु देहाय बमोजिमका रहेका छन् । | |
| 31. 1. | 353।2078।03।29 सार्वजनिक खरिद नियमावली, 2064 को नियम 121(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको 10% नवढ्ने गरी साधारण तथा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त कवर्ड हल निर्माण ठेक्कामा सम्झौता बमोजिमको म्याद 2078।02।15 मा समाप्त भएको र भुक्तानी आषाढ मसान्तमा भएकोले 45 दिन म्याद नाघेकोले सम्झौता रकम रु.1,35,71,899।- को प्रतिदिनले हुने रु.6,786।-ले रु.3,05,370।- पूर्वनिर्धारित क्षतिपूर्ति हुनुपर्ने रु. | 305370.0 |

| | | |
|---|---|---|
| | उक्त निर्माण कार्यको लेखापरिक्षण अवधि 2078।06।16 सम्म म्याद थप समेत नभएकोले पालिकाले आवश्यक प्रक्रिया अगाडी बढाई काम सम्पन्न गराउनु पर्दछ । | |
| 31. 3. | **बिमा र गुणस्तर परिक्षण नगराएकोः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम ११२ बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । गाँउपालिका कार्यालयले वि.ओ.क्यू.मा बिमा र गुणस्तर परिक्षणको लागि रकम व्यवस्था गरेको भएतापनि बिमा गरेको छैन र सामान प्रयोग भएकोमा गुणस्तर परिक्षण समेत भएको छैन । बिमा नगर्दा कामको जोखिम वहनमा समस्या हुने र गुणस्तर परिक्षण नहुँदा गरेको काम गुणस्तर युक्त छ/छैन एस्युरेन्स हुने आधार भएन । यस्ता कुराहरुमा सम्बन्धित व्यवस्थापन पक्ष र प्राविधिकले ध्यान पुर्याउनु पर्छ । | |
| 32. | **स्वास्थ्य समानिकरण चालुः** 25।2078।03।29 कार्य सञ्चालन निर्देशिका, 2075 बमोजिम प्रतिवेदन लेखन वापत भए रु.1,000।- र त्यो भन्दा बढी दिन भए रु.500।- गरी 1500।- सम्म खर्च लेख्न मिल्ने देखिन्छ । मिमि 2078।03।01 देखि 2078।03।10 सम्म 10 दिने महिला स्थास्थ्य स्वयंमसेविका हरुलाई आधारभूत तालिम संचालन गरेकोमा कार्यक्रम संचालनलाई प्रतिवेदन लेखन बापत जम्मा रु.1,500।- पारिश्रमिक लिनुपर्नेमा रु.10,000।- भुक्तानी लिएकोले बढी रकम असुल गर्नुपर्ने रु. | 8500.0 |
| 32. 1. | **अग्रिम कर दाखिला नगरेकोः** 53।2078।01।03 वार्षिक कार्यक्रम बमोजिम मा.वि. शिक्षक बाबुराम राईले मिति 2077।11।26 देखि 2077।11।29 सम्म बाल शिक्षक तालिम 4 दिने संचालन गरी रु.2,00,000।- पेश्की फर्स्यौट गर्नु भएकोमा विभिन्न पारिश्रमिक भुक्तानी वापत रु.22,560।- अग्रिम कर कट्टा गरी भुक्तानी दिएको र उक्त कर दाखिला नगरेको हुँदा राजस्व दाखिला गर्नुपर्ने रु. | 22560.0 |
| 33. | **सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधी, 2075 बमोजिम गाँउपालिकाले आर्थिक वर्ष 2077।78 को लागि लक्षित वर्ग पहिचान गरी 495 घरधुरी छनौट गरी जस्तापाता लगाउन सिफारिस गरी संघन शहरी तथा भवन निर्माण आयोजनाको कार्यालय, झापामा पठाएकोमा पठाएका सबै स्वीकृत भई आएको र त्यसमध्ये 345 घरधुरीले सम्झौता गरी पहिलो किस्ता रु.30,000।- का दरले रु.1,03,50,000 – अनुदान दिएकोमा वर्षान्त सम्म कसैले पनि कार्य सम्पन्न गरेको छैनन् । उक्त श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ । | |
| 33. 1. | **निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेः** सुरक्षित नागिरक आवास कार्यक्रम कार्यन्वयन निर्देशिका, 2075 को बुँदा 6 बमोजिम कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा अनुदान उपलब्ध गराइएको मितिले ३ महिना भित्र लाभग्राहीबाट स्थानीय तहले अनुदान असुलउपर गर्ने र बुँदा ७ बमोजिम स्थानीय तहका प्राविधिकबाट अनुसुची ३ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन प्रमाणित भएपछि सम्पन्न भएको मानिने व्यवस्था छ । सम्झौता भएका 345 घरधुरी मध्ये कसैले पनि यस वर्ष कार्य सम्पन्न गरी दोस्रो किस्ता लिएका छैनन् । यसरी कार्य सम्पन्न नगर्ने व्यक्तिहरु मध्ये कार्य सम्पन्न गर्न नसक्नेबाट रकम असुल उपर गर्नुपर्ने र कार्य गरिरहेका व्यक्तिहरुलाई सम्पन्न गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने (345*30,000= | 10350000 |

| | | |
|---|---|---|
| | 1,03,50,000।-) रु. | |
| 34. | 244।2078।03।30 आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयको अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत ग्रामिण सामुदायिक सिकाई केन्द्रहरुलाई ४ वटा ल्यापटप खरिद गरी हस्तान्तरण गरेकोमा व्यक्तीले बुझेर लगेको छ । उक्त ल्यापटपहरु संस्थाको जिन्सी खातामा आम्दानी बाधी सोको प्रमाण पेश भएपछि मात्र संस्थाले प्राप्त गरेको प्रमाण हुने हुँदा जिन्सी दाखिला पेश गर्नुपर्ने रु. | 400000.0 |
| 35. | **शिक्षक तलव भत्ताः** 104।078।01।03 शिक्षा नियमावली, 2059 को नियम 179 बमोजिम कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारवाही गरिने कुरा उल्लेख छ । गाँउपालिकाले मातहतको विद्यालयहरुलाई तेश्रो त्रैमासिक निकासा दिएकोमा जय नारायण मा.वि.मा 2077।09।17 देखि हाजिर हुनु भएको शिक्षक पुष्प कुमारी तमाङ्गलाई १४ दिनको छुट तलब माग भएकोमा मासिक रु.36,950।- ले रु.17,543।- मात्र निकासा दिनुपर्नेमा रु.21,251।- निकासा भएकोले बढी निकासा रु.4,508।- असुल गरी दाखिला गर्नुपर्ने रु. | 4508.0 |
| 36. | **तलवी प्रतिवेदन पारित नभएकोः** शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित भई आएपछि मात्र तलब भत्ता र ग्रेड भुक्तानी गर्नुपर्नेमा आर्थिक वर्ष 2077।78 मा प्रतवेदन पारित भएको छैन। तलबी प्रतिवेदन पारित नभएको हुँदा स्थायी शिक्षकहरुको तलब, ग्रेड, प्राविधिक ग्रेड आदि एकिन गर्न सकिएन । | |
| 37. | **पाठ्यपुस्तक वितरणः** 140।2078।03।07 आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी खर्च गर्दा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिद गर्न शत प्रतिशत अनुदान दिएकोमा पाठ्यपुस्तक खरिद गरी वितरण गरेको बिल भरपाई पेश हुन नसकेको र कक्षा 11 र १२ संचलान भएका विद्यालयहरुलाई प्रति विद्यालय रु.50,000।- का दरले पुस्तकालय व्यवस्थापनको लागि दिएको अनुदान पुस्तकालय स्थापना भयो भएन भनेर अनुगमन गरी प्रतिदिन प्राप्त नभएको रु. | 3144924.0 |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| 1 | निशुल्क पाठ्यपुस्तक खरिद र वितरण गरेको बिल भरपाई नभएको | 2694924.0 |
| 2 | पुस्तकालय व्यवस्थापन गर्न 9 वटा विद्यालयहरुलाई दिएकोमा पुस्तकालय स्थापना भएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने | 450000.0 |
| | **जम्माः** | **3144924.0** |

| | | |
|---|---|---|
| 38. | **महिला विकास शाखा चालुः** किशोरी जिवन उपयोगी तालिम संचालन गरी संचार विकास केन्द्रलाई रु.3,50,000।- भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखियो । | |
| 38.1. | प्रशिक्षक जितेन्द्र भण्डारीलाई प्रशिक्षक भत्ता रु.29,400।- भुक्तानीमा पारिश्रमिक कर 15% ले रु.4,410।- कट्टा गरेकोमा उक्त रकम राजस्व दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु. | 4410.0 |
| 38.2. | सम्झौता बमोजिम कर सहित रु.3,48,500।- भुक्तानी गर्नुपर्नेमा रु.3,50,000 - भुक्तानी भई रु.1,500।- बढी भुक्तानी असुल गर्नुपर्ने रु. | 1500.0 |

| | | |
|---|---|---|
| 39. | **कर बिजक पेश नभएकोः** 13।2078।01।15 मूल्य अभिवृद्धि कर नियमावली, 2053 को नियम १७(1) बमोजिम दर्ता भएको व्यक्तीले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुची-5 र 5 (क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । गाँउपालिकाले निर्वाचित महिला जनप्रतिनिधिहरुलाई उदघोषण तालिम दिन संचार विकास केन्द्रसँग कर सहित रु.2,97,000।- को सम्झौता गरी त्यति नै भुक्तानी दिएको छ । मूल्य अधिवृद्धि कर दर्ता भएको उक्त संस्थाले कर बिजक नै जारी नगरी रु.2,97,000।- भुक्तानी लिएकोले कर बिजक जारी नगरेकोमा सचेत गराई त्यसमा समावेश भएको मुल्य अभिवृद्बि कर रकम रु.34,168।- असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | 34168.0 |
| 40. | **बिल भरपाई 16।2078।03।27 -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी खर्च गर्दा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण सम्बन्धी तालिम संचालन गरी वसन्त कला पौडेललाई पेश्की फस्यौंट तथा भुक्तानी रु.45,955।- गरेकोमा निजले पेश गरेको बिल भर्पाईको जोडजम्मा गर्दा रु.27,615।- मात्र भएकोले नपुग रु 18,340।- खर्च पुष्टी हुन नसकेको रु. | 18340.0 |
| 41. | **खर्च रिभर्सः** 19।2078।03।26 महागुरु फाल्गुनन्द आधारभुत विद्यालयको शौचालय निर्माण कार्य विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरी कार्य सम्पन्न भई गाउँपालिकाले व्यहोर्ने रकम रु.6,72,000।- मा कर कट्टा गरी रु.6,61,864।- को चेक विद्यालय व्यवस्थापन समितिलाई दिएकोमा तोकिएको समयमा खातामा जम्मा गर्न नगएकोले कार्यालयले गो.भौ.नं. 37।2078।03।31 बाट खर्च रिभर्स गरी हिसाव मिलान गरेको छ । उक्त रकम खर्च रिभर्स गरी हिसाव मिलान गरी सकेको र सम्पन्न भई सकेको कामको भुक्तानीको लागि ताकेता भई रहेकोले बजेट व्यवस्था गरी भुक्तानी दिनुपर्दछ । | |
| 42. | **कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेः** 20।078।03।26 सिद्धदेवी माध्यमिक विद्यालय फाल्गुनन्द-1 लाई नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप ४ कोठे विद्यालय भवन र शौचालय निर्माणको लागि रु.1,50,00,000।- विद्यालयको खातामा निकासा गरेको छ । विद्यालयको उक्त भवन निर्माण कार्य सुरु गरेको भएतापनि सम्पन्न नभएकोले निर्माण कार्य सम्पन्न गरी निर्माण कागजात सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | 15000000.0 |
| 43. | **वडा कार्यालयहरु संचालन खर्चः** गाँउपालिका अन्तर्गत ७ वटा वडा कार्यालयहरु रहेकोमा वडा कार्यालय संचालन गर्न चौमासिक रुपमा खर्चको भुक्तानी दिने गरेको छ । वडा सचिवहरुको वैठक भत्ता, इन्धन, मसलन्द, संचार, आदि खर्च गरी बिल भरपाई पेश गर्ने र गाँउपालिकाले भुक्तानी दिने गरेको छ। खर्च गर्दा मितव्ययी तरिकाले सवै वडाहरुमा एक रुपता हुनुपर्नेमा त्यसो हुन सकेको छैन । कतिपय वडामा इन्धन, मर्मत, संचार आदि अत्याधिक खर्च देखिएको छ । खर्चको सिमा तोकी एक रुपता कायम गरिनु पर्दछ । वडाहरुमा भएको खर्चको परिक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिमको रहेको छ । | |
| 44. | **आदेश स्वीकृत बेगर भ्रमणः** भ्रमण खर्च नियमावली, 2064 को नियम 3 बमोजिम भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान हुँदैन भनि उल्लेख गरेको छ । यस पालिकामा निम्नानुसारका वडा अध्यक्षहरु र सचिव समेत भ्रमण आदेश पेश नगरी वा स्वीकृत नगराई भ्रमण गरी दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोले नियमसंगत नदेखिएको रु.<br>वडा नं. २ वडा अध्यक्ष वहादुर सिंह नेवाङ्ग | 134200 |

| भौ.नं. मिति | भ्रमण अवधी | स्थान | रकम |
|---|---|---|---|
| 554 2078 03 23 | 2078 01।08 देखि 2078।01।12 सम्म | विराटनगर | 5100.0 |
| 554 2078 03 23 | 2077।12।07 देखि 2077।12।11 सम्म | फिदिम | 5100.0 |
| 554 2078 03 23 | 2078।02।06 देखि 2078।02।11 सम्म | फिदिम | 5100.0 |
| 554 2078 03 23 | 2078।02।28 देखि 2078।02।32 सम्म | फिदिम | 5100.0 |
| 554 2078 03 23 | 2078।03।07 देखि 2078।03।11 सम्म | विर्तामोड | 5400.0 |
| | | **जम्माः** | **25800.0** |

वडा नं. ३ वडा अध्यक्ष सुखविर नेवाङ्ग

| भौ.नं. र मिति | भ्रमण अवधी | स्थान | रकम |
|---|---|---|---|
| 575 2078 03 27 | 2077।08।12 देखि 2077।08।15 सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2077।09।21 देखि 2077।09।23 सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2077।10।06 देखि २०७७।१०।१७ सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2077।11।25 देखि 2077।11।29 सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2077।12।05 देखि 2077।12।09 सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2078।01।03 देखि 2078।01।07 सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2078।02।11 देखि 2078।02।15 सम्म | फिदिम | 5100.0 |
| 575 2078 03 27 | 2078।03।03 देखि 2078।03।07 सम्म | फिदिम | 5100.0 |
| | | **जम्माः** | **40800.0** |

वडा नं. ५ वडा अध्यक्ष अरविन्द प्रसाद चेम्जुङ्ग

| भौ.नं. र मिति | भ्रमण अवधी | स्थान | रकम |
|---|---|---|---|
| 559 2078 03 29 | 2077।12।05 देखि 2077।12।11 सम्म | काठमाण्डौ | 13200.0 |
| | 2078।01।10 देखि 2078।01।14 सम्म | फिदिम | 5800.0 |
| | | **जम्मा** | **19000.0** |

सचिव टिका ध्वज चेमजुङ्ग

| भौ.नं. र मिति | भ्रमण अवधी | स्थान | रकम |
|---|---|---|---|
| 559 2078 03 29 | 2077।12।12 देखि 2077।12।28 सम्म | फिदिम | 8200.0 |
| | 2078।01।18 देखि 2078।01।24 सम्म | फिदिम | 8200.0 |
| | 2078।03।20 देखि 2078।03।23 सम्म | फिदिम | 5800.0 |
| | | **जम्माः** | **22200.0** |

वडा नं. ६ वडा अध्यक्ष नारायण प्रसाद आङ्गदम्वे

| भौ.नं. र मिति | भ्रमण अवधी | स्थान | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 518 2078 03 20 | 2078।03।14 देखि 2078।03।17 | फिदिम | 3900.0 |
| | 2078।03।02 देखि 2078।03।04 सम्म | फिदिम | 2700.0 |
| | 2078।02।23 देखि 2078।02।26 सम्म | फिदिम | 3900.0 |
| | 2078।02।02 देखि 2078।02।04 सम्म | फिदिम | 2700.0 |
| | 2078।01।29 देखि 2078।01।31 सम्म | फिदिम | 2700.0 |
| | 2078।01।10 देखि 2078।01।13 सम्म | फिदिम | 3900.0 |
| | 2077।12।26 देखि 2077।12।28 सम्म | फिदिम | 2700.0 |
| | 2077।12।08 देखि 2077।12।11 सम्म | फिदिम | 3900.0 |
| | | **जम्माः** | 26400.0 |
| | | **कुल जम्माः** | 134200.0 |

45. **कर्मचारीलाई बैठक भत्ता भुक्तानीः** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन, 2075 बमोजिम निर्वाचित पदाधिकारीहरुलाई बैठक बस्दा बैठक भत्ता दिने व्यवस्था गरेको भएतापनि कर्मचारीहरुलाई बैठक भत्ता दिने व्यवस्था गरेको छैन । कार्यालयको काम गर्ने कर्मचारीहरुलाई अन्य कुनै ऐन नियमले बैठक भत्ताको व्यवस्था नगरेकोले निम्नानुसारका वडाका कर्मचारीहरुलाई दिएको बैठक भत्ता असूल गर्नुपर्ने रु. 87000.0

**वडा नं. १**

| भौ.नं. र मिति | बैठक भत्ता लिने कर्मचारीको नाम | रकम |
|---|---|---|
| 152 2077 09 05 | वडा सचिव प्रदिप थापा(वडा समितिको वैठक बाहेक) | 4000.0 |
| | कार्यालय सहायक तेजेन्द्र गुरुङ्ग | 4000.0 |
| | कार्यालय सहायक रेखा लिम्बु | 4000.0 |
| | कार्यालय सहयोगी श्याम कुमार आङ्गदम्वे | 4000.0 |
| 512 2078 03 20 | वडा सचिव प्रदिप थापा (वडा समितिको वैठक वाहेक) | 12000.0 |
| | कार्यालय सहायक तेजेन्द्र गुरुङ्ग | 12000.0 |
| | कार्यालय सहायक रेखा लिम्वु | 12000.0 |
| | कार्यालय सहयोगी श्याम कुमार आङदम्वे | 12000.0 |
| | **जम्माः** | **64000.0** |

**वडा नं. ४**

| भौ.नं. र मिति | बैठक भत्ता लिने कर्मचारीको नाम | रकम |
|---|---|---|
| 397 2078 01 14 | वडा सचिव पञ्चराम नेम्वाङ्ग( ८ वटा वैठकको मात्र भत्ता लिनु पर्नेमा १६ वटा वैठकको भत्ता लिएकोले वढी ८ वटा वैठक भत्ता) | 8000 |

**वडा नंं. ६**

| भौ.नं. र मिति | बैठक भत्ता लिने कर्मचारीको नाम | रकम |
|---|---|---|
| 193 2077 09 19 | मिना कुमारी ओझा रिजाल | 5000.0 |
| | दिपेश तमाङ्ग | 5000.0 |
| | अर्जुन तमाङ्ग | 5000.0 |
| | **जम्माः** | **15000.0** |

| | | |
|---|---|---|
| | कुल जम्माः 87000.0 | |
| 46. | **पानी टैंकी वितरणः** 570।2078।03।27 गाउँपालिकाले वडा नं. २ को लागि ७९ थान 500 लिटरको पानी टैंकी खरिद गरी वितरण गरेको छ । रु.4,50,000।- मा 79 थान पानी टैंकी खरिद गरी वडा नं. २ का ७९ घर धुरीलाई एक/एक थान पानी टैंकी खरिद गरी वितरण गरेको छ । यसरी पानी टैंकी वितरण गर्नु भन्दा पाईप खरिद गरी खानेपानी मुहानबाट पानी ल्याई पायक पर्ने ठाउँहरुमा धारा जडान गरेको भए खानेपानीको स्थायी समाधान हुने थियो । पानीको अभाव भएका यस्ता स्थानमा श्रोतको खोजी गरी स्थायी समाधान गर्नेतर्फ गाँउपालिका तथा वडाहरुले ध्यान पुर्याउनुपर्दछ । | |
| | **आन्तरिक आम्दानी तर्फः** | |
| 47. | **लक्ष्य अनुरुप प्रगती नभएकोः** आ.व. २०७७।७८ को लागि गाँउपालिकाले आन्तरिक आय रु.51,00,000।- प्राप्त गर्ने लक्ष्य राखेकोमा रु.23,89,606।- मात्र संकलन गर्न सफल भएको छ । लक्ष्यको तुलनामा 46.86% मात्र प्रगति हुन सकेको छ । आम्दानीको श्रोतलाई फराकिलो बनाउनु नसक्नु, आय आर्जन हुने क्षेत्रको पहिचान गर्न नसक्नु, नदिजन्य उत्खननबाट प्राप्त हुने राजस्वको ठेक्का पट्टा नहुनु, आदि कारणले राजस्व कम उठ्न गई पुरै माथिल्ला निकायको भर पर्नुपर्ने अवस्था रहेको देखियो  गाँउपालिकाले आन्तरिक आय हुने श्रोत पहिचान गरी आय वृद्धि गर्नुपर्दछ । | |
| 48. | **पदाधिकारी तथा कर्मचारी भ्रमणः** स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 73(7) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । गाउँपालिकाका उपाध्यक्ष लगायत कर्मचारी गरी ३० जना अवलोकन भ्रमणमा मिति 2077/11/9 देखि 2077/11/22 सम्म पोखरा, मुस्ताङ्ग लगायत पश्चिमका ठाउँहरु गई रु.12,97,00/- खर्च गरेको देखियो । गाउँपालिकाले पहिला रु.6,00,000/- बजेट व्यवस्था गरेकोमा रु.6,97,000/- नपुग भई मिति 2077/12/24 मा गाउँ सभाबाट निर्णय भई थप भएको छ । भौ.नं. 281/2077/11/8 बाट रु.6,00,000/- खर्च देखाई बाँकी रु.6,97,000/- भौ.नं. 410/2078/1/16 बाट खर्च गरेकोले भ्रमण कुन उद्देश्यले भएको थियो । त्यसबाट गाउँपालिकालाई के उपलब्धी भयो सोको पुष्टयाई र अवलोकन भ्रमणको प्रतिवेदन समेत पेश भएको छैन । खर्चको औचित्य पुष्टि गर्नुपर्ने रु. | 697000.0 |
| 49. | **पदाधिकारी सुविधाः** प्रदेश नं. १ आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्रकाशित गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, 2075 को दफा 3 को अनुसुची १(क) बमोजिम यस गाउँपालिकाका पदाधिकारीहरुलाई पालिकाले दिएको विवरण बमोजिम आर्थिक वर्ष 2077/78 मा निम्नानुसार सुविधा दिएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ५ | सभाका २३ सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३६००० | ३६००० | १६८००० | १२०००० | ४६००० | ४०६००० |
| २ | यातायात खर्च | सवारी साधन | १२०००० | ३३६००० | १५०००० | ५५२००० | ११५८००० |
| ३ | टेलिफोन मोबाइल | ३६००० | ३६००० | १६८००० | ९०००० | २७६००० | ६०६००० |
| ४ | पुस्तक पत्रीका ईन्टरनेट | २४००० | २४००० | ८४००० | ६०००० | २७६००० | ४६८००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | १२०००० | ३३६००० | १२०००० | ० | ६९६००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | अतिथि सत्कार | १०८००० | ६०००० | ३३६००० | १२०००० | ४१४००० | १०३८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | १६८००० | ९०००० | १३८००० | ५१६००० |
| ८ | चाडपर्व खर्च | 1000० | 1000० | 7000० | 5000० | 23000० | 37000० |
| | **जम्मा** | **३9४०००** | **४6६०००** | **१666०००** | **80००००** | **1932०००** | **5258000** |

49.1. **वडा अध्यक्षहरुलाई दोहोरो यातायात सुविधाः** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, 2075 को दफा 7(3) मा (1) र (2) बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन भनी उल्लेख भएको छ । यस पालिकाका ७ वडा मध्ये ६ वटा वडाका वडा अध्यक्षहरुले पालिकाबाट मोटरसाइकल बुझिलिएको र इन्धन र मर्मतमा समेत वडाका चालु खर्चबाट खर्च भएको छ । वडा अध्यक्षहरुले पाउने सुविधा मध्ये यातायात सुविधा वापत मासिक रु.4,000/- का दरले रकम समेत बुझेको देखिएकोले यातायात साधन बुझी इन्धन र मर्मतमा समेत खर्च भुक्तानी लिएको अवस्थामा मासिक यातायात सुविधा दोहोरो हुन गएकोले असुल गर्नुपर्ने रु. 288000.0

| वडा नं. | वडा अध्यक्षको नाम | मासिक यातायात सुविधा | वार्षिक बुझेको यातायात सुविधा |
|---|---|---|---|
| 1 | होम प्रसाद आङदेम्वे | 4000.0 | 48000.0 |
| 2 | बहादुर सिं नेम्वाङ्ग | 4000.0 | 48000.0 |
| 3 | सुख विर नेम्वाङ्ग | 4000.0 | 48000.0 |
| 4 | मन बहादुर चेम्जोङ्ग | 4000.0 | 48000.0 |
| 5 | अविन्द्र प्रसाद चेम्जोङ्ग | 4000.0 | 48000.0 |
| 6 | नारायण प्रसाद आङदेम्बे | 4000.0 | 48000.0 |
| | | **जम्माः** | **288000.0** |

49.2. **वडा नं. 4 बाट राहत रकम वितरणः** विपद व्यवस्थापन कोष तथा आकष्मीक कोषबाट गाउँपालिकाले विभिन्न रोगी, असक्त, प्रकोप पिडित, विपतीमा परेका आदीलाई पालिका अध्यक्षबाट तोकि आदेश भए बमोजिम आर्थिक सहायता दिने गरेकोमा वडा नं. 4 का वडा अध्यक्षबाट पनि यस्तो आर्थिक सहयोग वितरण गरी रकम खर्च गरेको छ । वडा अध्यक्षलाई यसरी आर्थिक सहायता वाड्न पाउने अधिकार भएको प्रमाण पेश भएन । गाउँपालिकाले अध्यक्षबाट हुने यस्ता कार्य वडाबाट हुँदा दोहोरो पर्ने र अधिकार क्षेत्रभित्र पनि नपरेकोले यस्तो कार्यलाई नियमसंगत मान्न नमिल्ने रु. 30000.0

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| 583/2078/3/28 | बाडिपहिरो | 10000.0 |
| 584/2078/3/28 | बिरामीराहत | 10000.0 |
| 585/2078/3/28 | बाडीपहिरो | 10000.0 |
| | **जम्माः** | **30000.0** |

49.3. **भौ.नं. 101/2077/7/27 -** वडा नं. ५ को पदाधिकारीहरुको ४ महिनाको ८ वटा बैठक बसी भत्ता भुक्तानी हुँदा वडा सदस्य श्री दान बहादुर अधिकारीको उपस्थित बिनानै बैठक भत्ता बुझेकोले असुल हुनुपर्ने रु. 8000.0

50. **बढि भुक्तानीः** भौ.नं. 426/2078/2/28 बाट कृषि यान्त्रीकरण औजार खरिद तथा वितरण अन्तर्गत अर्जुन सप्लायर्सबाट रु.2,17,000/- मा निम्नानुसार सामानहरु खरिद गरी कृषकलाई वितरण गरी कार्यालयले रु.1,62,750/- भुक्तानी गरी बाँकी रु.54,250/- कृषकबाट उठेको रकम 25000.0

| | | |
|---|---|---|
| | भुक्तानी गर्नुपर्नेमा रु.79,250/- भुक्तानी गरेकोले रु.25,000/- बढि भुक्तानी भएकोले असुल हुनुपर्ने रु. | |

| सि.नं. | सामानको नाम | लागत | गा.पा. अनुदान | कृषकबाट उठ्ने | भुक्तानी |
|---|---|---|---|---|---|
| 1 | स्प्रे टयाङकी | 100000.0 | 50000.0 | 50000.0 | 162750.0 |
| 2 | प्लाष्टिक टनेल | 117000.0 | 87750.0 | 29250.0 | ७९२५०.0 |
| | **जम्माः** | **217000.0** | **137750.0** | **79250.0** | **242000.0** |

| | | |
|---|---|---|
| 51. | **भौ.नं. 61/2077/6/29** - प्रदेश नं. १ आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्रकाशित गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, 2075 दफा 6(4) अनुसार स्थानीय स्तरमा संचालित तालिम कार्यक्रममा खाना वापत रु.500/- भुक्तानी गर्नुपर्ने भन्ने व्यवस्था छ । कार्यालयले गाउँपालिकामा योजना संचालन सहायताको लागि विभिन्न विषय सम्बन्धी तालिम तथा अन्तर्क्रिया कार्यक्रमको लागि रोजगार संयोजक विचार सिंह लावतीलाई रु.1,94,234/- भुक्तानी भएको छ । सो कार्यक्रममा खाजा र खाना ख्वाई सोको बिल संलग्न गरेतापनि पुनः खाना भनी विभिन्न ३७ जना व्यक्तिहरुलाई भर्पाई गराई नगद वितरण गरेकोले दोहोरो पर्न गएको हुँदा असुल गर्नुपर्ने रु. | 37000.0 |
| 52. | भौ.नं. ३२८/२०७८/०३/२३ भ्रमण खर्च नियमावली, २०६४ को दफा ७(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता, वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमणमा खटीई दैनिक भ्रमण भत्ता भुक्तानी दिएको अवस्थामा बैठक भत्ता समेत भुक्तानी दिएको हुँदा दोहोरो सुविधा भुक्तानी गराएकोले असुल गर्नुपर्ने रु. | 14450.0 |

| कर्मचारीको नाम र पद | भ्रमण भत्ता लिएको मिति | बैठक भत्ता लिएको मिति | असुल हुनुपर्ने कर बाहेक |
|---|---|---|---|
| वडा नं. १ | | | |
| वडाध्यक्ष श्री होम प्रसाद आङदेम्बे | 2077/9/22-9/24 | 2077/9/24 | 850.0 |
| | 2077/10/10-10/16 | 2077/10/11 | 850.0 |
| वडा सचिव श्री प्रदिप थापा | 2077/11/26-11/29 | 2077/11/28 | 850.0 |
| वडा नं. 2 | | | |
| वडाध्यक्ष श्री बहादुर सिं नेम्वाङ | 2077/5/4-5/8 | 2077/5/4 | 850.0 |
| | 2077/6/3-6/7 | 2077/6/6 | 850.0 |
| | 2077/7/4-7/8 | 2077/7/5 | 850.0 |
| वडा सचिव केशव आचार्य | 2077/5/3-5/7 | 2077/5/4 | 850.0 |
| | 2077/5/25-5/28 | 2077/5/26 | 850.0 |
| | 2077/6/3-6/7 | 2077/6/6 | 850.0 |
| | 2077/7/3-7/7 | 2077/7/5 | 850.0 |
| वडा नं. ६ | | | |
| वडाध्यक्ष श्री नारायण प्र. आङदेम्बे | 2077/5/19-5/24 | 2077/5/20 | 850.0 |
| | 2077/6/11-6/14 | 2077/6/14 | 850.0 |
| वडा सचिव श्री जय ब. तामाङ्ग | 2077/7/2-7/5 | 2077/7/3 | 850.0 |
| | 2077/9/21-9/24 | 2077/9/22 | 850.0 |
| वडा नं. 7 | | | |
| वडाध्यक्ष श्री लिला भल्लभ नेपाल | 2077/5/7-5/11 | 2077/5/8 | 850.0 |
| | 2077/7/16-7/20 | 2077/7/17 | 850.0 |

| | | |
|---|---|---|
| | वडा सचिव श्री निर्मल अधिकारी 2077/5/7-5/12 2077/5/8 850.0<br>**जम्मा: 14450.0** | |
| | **कृषितर्फः** | |
| 53. | **भौ.नं. 26/2078/3/30 –** कार्यालयले मिति 2078/2/25 मा अर्जुन सप्लायर्स, झापाबाट रु.2,80,000/- को 50 प्रतिशत अनुदानमा मिनिमिल खरिद गरी 7 वटै वडामा वितरण गरेको भर्पाई पेश गरी पुरै भुक्तानी गरेकोमा 50 प्रतिशत कृषकबाट उठाएको रकम गाउँपालिकाको खातामा जम्मा भएको नदेखिएकोले कसले उठाएको हो गाउँपालिकाको खातामा जम्मा गरी प्रमाण पेश गर्नुपर्ने रु. | 140000.0 |
| 54. | **भौ.नं. 25/2078/3/30 –** कार्यालयले मिति 2078/1/14 देखि 2078/11/16 सम्म मौरी घारसेट वितरण तथा तालिम कार्यक्रम संचालन गर्दा ५ जनाले २ दिन अनुगमन गरेको भनी रु.10,000/- भत्ता बुझिलिएकोमा प्रतिवेदन पेश नभएकोले सो पेश हुनुपर्ने रु. | 10000.0 |
| | **सामाजिक सुरक्षा कार्यक्रमतर्फ** | |
| 55. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस बर्ष पालिकाले रु.6,28,51,232/- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् | |
| 55.1. | **बैंकमा बढि रकम पठाएको:** भौ.नं. 8/2078/3/2 सामाजिक सुरक्षा भत्ता सम्बन्धीत व्यक्तिको खातामा जम्मा गर्न तेस्रो चौमासिक रु.2,14,91,073/- इन्भेष्टमेन्ट बैंक शाखा कार्यालय, रांकेमा पठाएकोमा वडा नं. 2 बाट रु.23,06,032/- सिफारिस भै आए बमोजिम नै रकम पठाउँदा बैंकबाट रु.22,94,032/- सम्बन्धीत खातावालाको नाममा जम्मा गरी रु.12,000/- बचत हुन गएको र उक्त रकम हालसम्म बैंकमै रहेकोले राजस्व दाखिला गर्नुपर्ने रु. | 12000.0 |
| 55.2. | **वितरण व्यवस्था:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम कार्तिक 25, दोश्रो वैशाख 3 र तेश्रो असार २2 गते निकाशा गरेको देखियो । कार्यविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ । | |
| 55.3. | **पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएतापनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । | |
| 55.4. | **निरीक्षण तथा अनुगमन:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको | |

| | | |
|---|---|---|
| | पाइएन । | |
| 55. 5. | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| 56. | **गत वर्षको पेश्की फस्र्यौट हुन बाँकीः** खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीलाई रु.39,21,370।- पेश्की दिएकोमा प्रथम रनिङ्ग बिल भुक्तानी गर्दा पेश्की कट्टा गरिएको छैन । निर्माण व्यवसायीले पेश्की लिदा कृषि विकास वैंक लिमिटेडबाट पेश्की जमानत लिएकोमा सोको म्याद 12 जुलाई 2021 (२०७८।03।28) सम्म मात्र भएकोमा जमानतको म्याद थप समेत छैन । सार्वजनिक खरिद ऐन, २०६३ दफा ५२(क) बमोजिम सम्झौता रकमको २0% नबढ्ने गरी पेश्की दिनुपर्नेमा सो भन्दा बढी पेश्की दिएको छ । पेश्की जमानतको म्याद समाप्त भएको उक्त पेश्की रकम प्रचलित नियम, कानुन बमोजिम व्याज सहित अबिलम्व असुल/फस्र्यौट गर्नुपर्ने रु. | 3921370.0 |
| 57. | **चालु आ.व. २०७७।७८ को फस्र्यौट हुन बाँकी पेश्कीः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 51(1) बमोजिम सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तीले यस नियमावलीमा तोकीएको म्याद भित्र पेश्की फस्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई असूल गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले आ.व. २०७७।७८ मा विभिन्न व्यक्ती, संस्था, फर्म, तथा निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये फस्र्यौट भई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका निम्नानुसारका म्याद नाघेका र म्याद ननाघेका पेश्कीहरु नियमावली बमोजिम असूल फस्र्यौट गर्नुपर्ने रु. | 507000.0 |

| भौ.नं. मिति | पेश्की लिनेको नाम | फस्र्यौट गर्नुपर्ने अन्तिम मिति अर्थात म्याद | पेश्की रकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| 17 2077 06 25 | भवानी विक्रम आङदेम्बे | 2077 07 30 | | 50000 |
| 02 2078 02 04 | श्री शहिद प्रतिष्ठान पाँचथर | 2078 03 08 | | 75000 |
| 02 2078 02 04 | श्री साङसिन गुम्बा शिवालय सत्याङ्ग सिलौटी | 2078 03 08 | | 97000 |
| 417 2078 02 04 | श्री वातावरण संरक्षण पर्यटन विकास नेपाल | 2078 03 08 | | 143000 |
| 418 2078 02 04 | श्री जनहित केन्द्र पाँचथर | 2078 03 08 | | 142000 |
| 02 2078 03 29 | श्री ठाडे कुलो सिंचाई जल उपभोक्ता समिति | 2078 05 01 | 832000 | |
| 03 2078 03 29 | श्री अँधेरी खोल्सि सुसुवा सिंचाई जल उपभोक्ता समिति | 2078 05 01 | 832000 | |
| | | **जम्माः** | **1664000** | **507000** |

| | | |
|---|---|---|
| 58. | **अनुगमन तथा सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फस्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फस्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत | |

| | | |
|---|---|---|
| | विगत वर्षको बेरुजू फस्र्यौट तथा अद्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।<br>**(रु.हजारमा)**<br><table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अद्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr><tr><td>36674</td><td>0.0</td><td>40149</td><td>0.0</td><td>76823</td></tr></table> | |

राम काजी थापा मगर
(लेखापरीक्षण अधिक्षक)

गोविन्द बहादुर भण्डारी
(लेखापरीक्षण अधिकारी)